## खुम्बु पासाङल्हामु गाउँपालिकाको

# विनियोजन ऐन,२०७४

(स्वीकृत मिति : २०७४ / ०३ / २५ गते )

# खुम्बु पासाङल्हामु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सोलुखुम्बु

# विनियोजन ऐन, २०७४

सभाबाट स्वीकृत मितिः २०७४/३/२५

**प्रस्तावनाः** खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम "खुम्बु पासाङ ल्हामु गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)** यस ऐनको नाम " खुम्बु पासाङ ल्हामु गाउँपालिकाका विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१)आर्थिकवर्ष २०७४।०७५ को निमित्तगाउँ/नगरकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१८,१७,३१,००० (अक्षेरुपी अठार करोड सत्र लाख एकतीस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस गाउँपालिकामा अन्य कुनै निकायबाट तोकिएको कार्यक्रम संचालन गर्न रकम निकासा भई संचित कोषमा प्राप्त हुने रकम खर्च खातामा ट्रान्सफर गरि खर्च गर्न र बचत रकम सम्बन्धितलाई फिर्ता दिन बाधा पर्ने छैन ।

३. **<u>विनियोजनः</u> (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७४।०७५ को निमित्त खुम्बु पासाङ ल्हामु गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमागाउँ/नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमागाउँ/नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | २९८०५ | १०७८५९ | ० | १३७६६४ |
| २ | | बिषयगत शाखा | ४४०६० | ० | ० | ४४०६० |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ४ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | | | | | १८१७३१ |